# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## सिम्ता गाउँपालिका
## सुर्खेत





महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## सिम्ता गाउँपालिका

## सुर्खेत




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## सिम्ता गाउँपालिका

## सुर्खेत

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| **निष्ठा** | *(Integrity)* |
| **स्वतन्त्रता** | *(Independence)* |
| **व्यावसायिकता** | *(Professionalism)* |
| **पारदर्शिता** | *(Transparency)* |
| **जवाफदेहिता** | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन

तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय** कर्णाली प्रदेश

पत्र संख्याः २०७९।८०

च.नं. १००

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यु

सिम्ता गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय सुर्खेत।

## कैफियत सहितको राय

हामीले सिम्ता गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. ४ करोड १ लाख ७६ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ३६ लाख ६२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ६१ लाख ९८ हजार, नियमित गर्नुपर्ने रु २ करोड २० लाख ३० हजार र पेश्की रू १५ लाख ८१ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु १७ करोड ५५ लाख ५२ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु २१ करोड ५७ लाख २८ हजार रहेको छ । गाउँपालिकाको बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( )

नायब महालेखापरीक

सिम्ता गाउँपालिका, सुर्खेत

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| **प्रारम्भिक बेरुजु** | | | **प्रतिक्रियाबाट फछ्र्यौट** | | | **बाँकी बेरुजु** | | | **बेरुजु** | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५९ | ६४ | ४०१८७ | ० | ३ | ११ | ५९ | ६१ | ४०१७६ | ३६६ | २२०३० | १६१९८ | ० | ० | ३८२२८ | १५८१ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सिम्ता गाउपालिका सुर्खेत | १७५५५२ | ० | ० | १७५५५२ | ० | ४०१७६ | २१५७२८ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : सिम्ता गाउँपालिका, सुर्खेत , सिम्ता गाउँपालिका , सुर्खेत

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | ओम प्रकाश देवकोटा | २०७८-९-२८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | याम लाल पौडेल | २०७८-९-१४ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ४०,१७६,६५१.९६ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | १,०९,३२,७८१ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३७,७३,०८,५०० | **चालु खर्च** | ३३,५२,८३,५०० |
| **प्रदेश सरकारबाट अनुदान** | ३,४९,०२,९२० | **पूँजीगत खर्च** | १३,१०,८३,१०६ |
| **राजश्व बाँडफाँट** | ८,७५,२०,८३६ | **वित्तीय/अन्य व्यवस्था** | २९,११,३२,२८७ |
| **आन्तरिक आय** | ४३,२५,७२३ | | |
| **अन्य आय** | २९,५६,८०,३५९ | | |
| **कुल आय** | ७९,९७,३८,३३८ | **कुल खर्च** | ७५,७४,९८,८९३ |
| **बाँकी मौज्दात** | | ५,३१,७२,२२६ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचयः**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस सिम्ता गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु सिम्ता गाउँपालिकाको उद्देश्य रहेको छ । यस सिम्ता गाउँपालिका अन्तर्गत ९ वडा, ४७ सभा सदस्य, २४१.६३वर्ग किलोमिटर क्षेत्रफल तथा २४ हजार २९८ जनसंख्या रहेको छ ।<br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिति २०७९।०९।२८ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् : | |
| २ | | | **स्थानीय संचित कोष :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाउँपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ। | |

| सि.न. | आयतर्फ | | सि.न. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | बिवरण | रकम | | विवरण | रकम |
| १ | **गतबर्षको जिम्मेवारी** | | १ | **चालु खर्च** | ३३५२८३५००।३२ |
| | क. नगद | ० | २ | **पुँजीगत खर्च** | १३१०८३१०६।०० |
| | ख. बैंक | १०९३२७८१।२५ | ३ | **बैंक मौज्दात** | ५३१७२२२७।५५ |
| २ | **राजश्व** | ० | ४ | **अनुदान फिर्ता** | ०।०० |
| | क. आन्तरीक राजश्व | ४३२५७२३।०४ | क. | कर्णाली प्रदेश | ०।०० |
| | ख. राजश्व बाँडफाँड संघ | ८६३४५३२५।३ | ख | संघिय सरकार | ०।०० |
| | ग. बन रोयल्टि संघ | ११४८०४।१७ | | | ०।०० |
| | घ. मालपोत प्रदेश | २०२९४४ | | | ०।०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सरकार | | | | | |
| | | | | घ.राजश्व बाँडफाँड प्रदेश | ११७५५११।११ | | | ०।०० | |
| | | | | ङ. बिभाज्य कोष दहत्तर बहत्तर | २०९५२०९ | | | ०।०० | |
| | | | | च. अन्य राजश्व | १२५७१२५।२३ | | | ०।०० | |
| | | | | **छ. अन्य आम्दानी** | ९८२७ | | | ०।०० | |
| | | | ३ | **बित्तिय हस्तान्तरण संघ** | ० | | | ०।०० | |
| | | | | क. बित्तिय समानिकरण | १०७३००००० | | | ०।०० | |
| | | | | ख. शशर्त अनुदान चालु | २५०८०८५०० | | | ०।०० | |
| | | | | ग. शशर्त अनुदान पुर्जिंगत | १६७००००० | | | ०।०० | |
| | | | | घ. समपुरक अनुदान | २५००००० | | | ०।०० | |
| | | | ४ | **बित्तिय हस्तान्तरण प्रदेश** | ० | | | ०।०० | |
| | | | | क. बित्तिय समानिकरण | ११३६६००० | | | ०।०० | |
| | | | | ख. शशर्त अनुदान | १८७४०००० | | | ०।०० | |
| | | | | ग. समपुरक अनुदान | १२९६९२० | | | ०।०० | |
| | | | | घ. बिशेष अनुदान | ३५००००० | | | ०।०० | |
| | | | **५** | **धरौटी आय** | ० | **५** | **धरौटी** | ०।०० | |
| | | | | क. गत बर्षको धरौटी अल्या | ४२९३९४६।६९ | | ssक. धरौटी फिर्ता | १६०५२९०।४० | |
| | | | | ख. धरौटी प्राप्त | ८९५२६६ | | ख. धरौटी मौज्दात | ३५८३९२२।२९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | ६ | **प्रकोप ब्यवस्थापन कोष** | ० | ६ | **प्रकोपब्यवस्थापन खर्च** | ०।०० | |
| | | | | क. गत बर्षको अल्या | ९३४६२३।९ | | क. प्रकोप ब्यवस्थापन खर्च | ४०६६११।०० | |
| | | | | ख. कोषमा प्राप्त | ० | | ख. प्रकोप ब्यवस्थापन मौज्दात | ५२८०१२।९० | |
| | | | ७ | **बिबिध खर्च खाता** | ० | ७ | **बिबिध खर्च खाता** | ०।०० | |
| | | | | क. विविध खर्च खाता अ.ल्या | ९१९९९७५ | | ख.नेपाल कृषि सेवा बिकास कार्यक्रम | ३९४३३६।०० | |
| | | | | ख.नेपाल कृषि सेवा बिकास कार्यक्रम | ३९४३२६ | | ख. युनिसेफ वास कार्यक्रम | ३६७५३९२।०० | |
| | | | | ग. युनिसेफ वास कार्यक्रम | ५२९३९०२ | | ग. पिएलजिएसपी खर्च | १७९९५०।०० | |
| | | | | घ. पिएलजिएसपी आय | ४१५००० | | घ. सिएमसी नेपाल खर्च | २९४१६८।०० | |
| | | | | ङ. सिएमसी नेपाल आय | ३२१६७० | | जलवायु उर्जा तथा बातावरण | ९०४९८७५।०० | |
| | | | | च. जलवायु उर्जा तथा बातावरण | ९२५३६९३ | | विविध खर्च खाता नगद मौज्दात | ११२२२७६६।८० | |
| | | | | जिल्ला समन्वय समिती अनुदान | १४००००० | | औधोगिक ग्राम निर्माण खर्च | ५९३९१५।०० | |
| | | | ८ | **अन्तरसरकारी हस्तारित कार्यक्रम संघ** | ० | ८ | | ०।०० | |
| | | | | क. सामाजिक सुरक्षा | १३६५३८९६५ | | सामाजिक सुरक्षा खर्च | १३६५३८९६५ | |
| | | | | ग. एकीकृत स्वास्थ्य पुर्वाधार बिकास कार्यक्रम | १००४६०५२० | | ग. एकीकृत स्वास्थ्य पुर्वाधार बिकास कार्यक्रम | १००४६०५२० | |
| | | | | घ. गरिबसंग बिश्वेश्वर कार्यक्रम | ७१४००० | | घ. गरिबसंग बिश्वेश्वर कार्यक्रम | ७१४००० | |
| | | | | | | | | ०।०० | |
| | | | ९ | **बिबिध कोष खाता** | ५१९९०५ | ९ | **क.बिबिध** कोष **खाता मौज्दात** | ५१९९०५।०० | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १० | **प्रदेश सरकारबाट हस्तान्तरित** कार्यक्रम | ० | | | ०।०० | |
| | | | | क. मुख्यमन्त्री रोजगार कार्यक्रम | २०५३१८३७ | | क. मुख्यमन्त्री रोजगार कार्यक्रम खर्च | २०५३१८३७ | |
| | | | | आन्तरीक मामिला तथा कानुन मंन्त्रालय | ५०००० | | आन्तरीक मामिला तथा कानुन मंन्त्रालय (राहत तथा पुनरस्थापना) | ५०००० | |
| | | | | कर्णाली प्रदेश योजना आयोग | ७८२८२० | | कर्णाली प्रदेश योजना आयोग (बहुक्षेत्रिय पोषण र राउटे सम्वन्धिकार्यक्रम) | ७८२८२० | |
| | | | ११ | | ० | ११ | **बिभाज्यकोष कर्णाली प्रदेश सरकार भुक्तानी** | ०।०० | |
| | | | | **जम्मा आय** | ८१०६७११२० | | | ८१०६७११२० | |
| ३ | | | **लेखापरिक्षणको क्रममा असुली :**<br>लेखापरीक्षणको क्रममा कर वापतको रु १६८४५ रकम असुल भै दाखिला भएको छ । | | | | | | |
| ४ | | | **जिम्मेवारी फरक परेको**<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.११,६१,६१,४४१।०० मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.१०९३२७८१।२५ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१०५२२८६५९।७५ घटी जिम्मेवारी सरेकोमा कार्यालयको भनाई अनुसार गत आ.व मा गल्तीले १० करोड बढी पोष्टिङ्ग भएको र बाकी गत बर्षको धरौटी अ.ल्या रु.४२९३९४६।६९ र प्रकोप व्यवस्थापन कोष को गत बर्षको अ.ल्या रु.९३४६२३।९ गरी हिसाव मिलान गरी यकिन गरेको देखिन्छ । | | | | | | |


https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५</td><td></td><td></td><td>

**बैक हिसाब मिलान नगरेको**

स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहाय बमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्दछ ।

<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार २०७९।३।३१को बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार २०७९।३।३१ को बाँकी</th><th>फरक</th></tr>
<tr><td>1</td><td>आन्तरीक राजस्व खाता</td><td>३९२८७७</td><td>३९२८७७</td><td>०</td></tr>
<tr><td>२</td><td>बाँडफाँडवाट प्राप्त राजस्व खाता</td><td>१०४०९६२३२।७१</td><td>१०४०९६२३२।७१</td><td>०</td></tr>
<tr><td>3</td><td>आन्तरीक अनुदान खाता</td><td>१२९६८००</td><td>१२९६८००</td><td>०</td></tr>
<tr><td>४</td><td>चालु खर्च खाता विजोर वर्ष</td><td>३८१७३३०४।२७</td><td>३८१७३३०४।२७</td><td>५४१३५३</td></tr>
<tr><td>५</td><td>पुजिँगत खर्च खाता विजोर वर्ष</td><td>१७९२५७२</td><td>१७९२५७२</td><td>१३५१००३</td></tr>
<tr><td>६</td><td>विविध खर्च खाता</td><td>११४३६४१२</td><td>११४३६४१२</td><td>-२१३६४६</td></tr>
<tr><td>७</td><td>स्थानिय तह धरौटि खाता</td><td>३५८३९२२।२९</td><td>३५८३९२२।२९</td><td>४९५२५</td></tr>
<tr><td>८</td><td>स्थानिय तह संचितकोष खाता</td><td>५८९३७६।५३</td><td>५८९३७६।५३</td><td>०</td></tr>
<tr><td>९</td><td>स्थानिय तह प्रकोप ब्यवस्थापन कोष</td><td>५२८०१२।९०</td><td>५२८०१२।९०</td><td>०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१६१८८९५०९।७</td><td>१६३६१७७४४।७</td><td>१७२८२३५</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>

**आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br><br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात् २०७९।०८० को असोजमा फिर्ता गरेको पाईयो ।<br><br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br><br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br><br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br><br>• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ।<br><br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणरमुखि रहेको पाईयो।<br><br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई जिन्सी सामाग्री वितरण गरेको पाईयो<br><br>• वडा कार्यालयमा रहेका जिन्सी सामानको अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br><br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br><br>• मुल्य अभिवृद्धि कर नियमावली २०६३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौत अनुसार कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।<br><br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br><br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br><br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br><br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br><br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br><br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br><br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको,<br><br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ४६ जनाको दरबन्दी रहेकोमा २१ दरबन्दी रिक्त रहेको पाईयो ।<br><br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br><br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br><br>• निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । स्थानीयतहमा समायोजन भै आएका तथा नयाँ नियुक्त भएका स्थायी कर्मचारीको तलवी प्रतिवेदन पारित गर्ने सम्बन्धी छुट्टै कानुन नवनेको अवस्थामा पालिकाले कर्मचारीहरुको तलवी प्रतिवेदन | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पारित नगरी रु.१,०८,२३,१२५।०० तलब खर्च लेखेको पाईयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । तसर्थ तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता खर्च लेख्न सम्बन्धित पक्षले ध्यान दिनुपर्छ ।<br><br>• संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ७ | | | **बजेट तथा कार्यक्रम तर्जुमा**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ८ | | | **बजेट पेश, पारित र अख्तियारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री चन्द्रकला शाहीले मिति २०७८।०३।१० गते रु.५० करोड ८० लाख ३० हजार १५३ को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।०३।२४ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।०४।०५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०</td><td></td><td></td><td>

**चौमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र नियम ३६ मा त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिकखर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

<table>
<tr><th rowspan="2">क्र.स.स</th><th rowspan="2">बजेट उपशिर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="4">चौमासिक खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेश्रो चौमासिक</th><th>आषाढ महिना</th></tr>
<tr><td>१</td><td>चालु खर्च तर्फ</td><td>३३५२८३</td><td>७४७९५</td><td>८६५६०</td><td>१७३९२७</td><td rowspan="2">१२९२९३</td></tr>
<tr><td>२</td><td>पूँजिगत खर्चतर्फ</td><td>१३१०८३</td><td>१४४१२</td><td>४११०६</td><td>७५५६३</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४६६३६६</td><td>८९२०७</td><td>१२७६६६</td><td>२४९४९०</td><td>१२९२९३</td></tr>
<tr><td colspan="2">प्रतिशत</td><td>१००</td><td>१९.१३</td><td>२७.३८</td><td>५३.४९</td><td>२७.७२</td></tr>
</table>

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.४६ करोड ६३ लाख ६६ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.८ करोड ९२ लाख ७ हजार अर्थात १९.१३ प्रतिशत, दोश्रो त्रैमासिकमा रु.१२ करोड ७६ लाख ६६ हजार,अर्थात २७.३८ प्रतिशत र तेश्रो त्रैमासिकमा रु.२४ करोड ९४ लाख ९० हजार, अर्थात ५३.४९ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.१२ करोड ९२ लाख ९३ हजार अर्थात २७.७२ प्रतिशत खर्च देखिएको छ । आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>११</td><td></td><td></td><td>

**क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

<table>
<tr><th rowspan="2">क्र.स</th><th rowspan="2">क्षेत्र</th><th rowspan="2">बजेट</th><th rowspan="2">खर्च</th><th>खर्च प्रतिशत</th></tr>
<tr><th>जम्मा खर्चको तुलनामा</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>२५२२००००</td><td>२१५७१२४८</td><td>४.६३%</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>१०३१९९५४८</td><td>७६११०९८१</td><td>१६.३२%</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>३०८०२३६६१</td><td>२७२६७७१०६</td><td>५८.४७%</td></tr>
<tr><td>४</td><td>बातावरण तथा विकास</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>५</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>१६१३०१८७</td><td>१५३९९४४९</td><td>३.३०%</td></tr>
<tr><td>६</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>८५१६७७५७</td><td>८०६०७८२१</td><td>१७.२८%</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>५३७७४११५३</td><td>४६६३६६६०६</td><td>१००%</td></tr>
</table>

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्य सामाजिक विकासमा सबैभन्दा बढी ५८.४७ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा ३.३० प्रतिशत रहेको छ ।

</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>

**गत बर्षको दायित्व**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गते भित्र भुक्तानी बाँकीको बिबरण प्रमाणित गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०७७।७८ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु.७४ लाख ९९ हजार भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणित गराएको आधारमा यो बर्ष (२०७८।७९) को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था नगरेको अबस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नगर्न व्यबस्था मिलाउनु पर्दछ ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४६ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २५ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका विभिन्न २१ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १४ | | | **कर्मचारी करार**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । कानून बमोजिम मात्र कर्मचारी पदपूर्ति गर्नुपर्दछ। तर पालिकाले विभिन्न अधिकृत करार २ जना पाचौ करार ४ जना चौथो करार ५७ जना श्रेणी विहिन ३९ जना गरी जम्मा पदमा १०२ जना कर्मचारीहरु करारमा राखि रु.२ करोड खर्च लेखेको छ ।<br><br>त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न प्राविधिक तथा सहायक पदमा ६३ जना करार नियुक्ति गरी बर्षभरीमा रु.११३२७६६०।०० भुक्तानी गरेको छ । पालिकाले O&M गरी कामको विश्लेषण, आन्तरिक आय, सघंबाट भएको पूर्ति, स्थानीय निकायमा समायोजन, हाल करारमा रहेकाको स्थिति र दरबन्दीको विवरण तयार गरी अत्यावश्यक कर्मचारी मात्र पूर्ति गर्ने व्यवस्था मिलाउनुपर्नेमा सो बमोजिम नगरी करारमा कर्मचारी राखेको नियमसम्मत नदेखिएको रु | ११,३२७,६६० |
| १५ | | | **कानून र सञ्चालन स्थिति –**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १२ वटा ऐन, १० वटा नियमावली, ११ कार्यविधि लगायत ३३ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१६</td><td></td><td></td><td>न्यायीक समिति<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २ र यो बर्ष थप भएको ३६ गरी कुल ३८ विवाद दर्ता भएकोमा ३३ वटा मात्र फस्यौंट भई ५ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>योजना छनौट र कार्यान्वयन<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ ।सभाबाट स्वीकृत बार्षिक गाउँ।नगर विकास योजना २०७८÷७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।
<table>
<tr><td>रु १ लाख सम्म</td><td>रु १ लाख देखि २ लाखसम्म</td><td>रु २ लाखदेखि ५ लाखसम्मका</td><td>रु ५लाख देखि १० लाखसम्मका</td><td>रु १० लाखभन्दा बढीको</td><td>जम्मा</td></tr>
<tr><td>६५</td><td>४३</td><td>२९</td><td>११</td><td>१७</td><td>१६५</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.५० हजार देखि १ करोड सम्मका जम्मा १६५ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ६५ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>लक्ष्य प्रगति<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ मा भएको व्यवस्था बमोजिम कार्यालयले त्रैमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियमावली बमोजिमको ढाँचामा त्रैमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।
<table>
<tr><th rowspan="2">कार्यक्रम/योजना</th><th rowspan="2">कुल कार्यक्रम</th><th colspan="4">वार्षिक प्रगति स्थिती</th></tr>
<tr><th>शून्य प्रगती</th><th>२५%सम्म प्रगति</th><th>५०% सम्म प्रगति</th><th>७५% सम्म प्रगति</th></tr>
<tr><td>मुख्य कार्यक्रम संख्या</td><td>४</td><td>०</td><td>१</td><td>२</td><td>१</td></tr>
<tr><td>सहायक कार्यक्रम संख्या</td><td>१६५</td><td>५</td><td>०</td><td>०</td><td>१६०</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२०</td><td></td><td></td><td>सेवाप्रवाहको स्थिति :<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :
<table>
<tr><th>विवरण</th><th>जम्मा</th></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>०</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>१३९१</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>२४१</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>२६५</td></tr>
<tr><td>विवाह दर्ता</td><td>४४१</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>११</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>०</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण (वटा)</td><td>२</td></tr>
<tr><td>कच्ची सडक मर्मत (कि.मी)</td><td>६</td></tr>
</table>
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक अवस्था देखिएन ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२१</td><td></td><td></td><td>वडा सचिवको पदपूर्ति<br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।<br><table><tr><th>वडा संख्या</th><th>वडा सचिवको दरबन्दी</th><th>वडा सचिवको पदपूर्ति</th><th>रिक्त वडा सचिव</th></tr><tr><td>९</td><td>९</td><td>२</td><td>७</td></tr></table></td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>आर्थिक सहायता<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष ५१ जनालाई रु.५ हजार देखि रु.२५ हजार सम्म गरी रु.५ लाख ३६ हजार ५ सय आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>खाना तथा विविध खर्च<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.१४ लाख ८५ हजार खर्च गरेको छ ।</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>डोजर, लोडर, एक्साभेटर मर्मत<br>पालिकामा रहेको डोजर, बिग्रिएकोले मर्मत तथा ईन्धनमा यो वर्ष पालिकाले रु८८०७३२।०० खर्च गरेको छ । उक्त डोजर, भाडामा लगाएबापत पालिकाले आम्दानी गरेको छैन भने पालिकाद्वारा संचालित योजनामा समेत यसको प्रयोग भएको पाईएन । कार्यालयले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरि प्रयोग गर्न जरुरी छ ।<br><table><tr><th>सि.नं</th><th>मेशिनरी</th><th>संख्या</th><th>मर्मत तथा ईन्धन रकम</th><th>आम्दानी रकम</th></tr><tr><td>१</td><td>डोजर</td><td>१</td><td>८८०७३२</td><td>०</td></tr></table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२५</td><td></td><td></td><td>पेश्की बाँकी<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली२०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयारगर्नु पर्ने व्यवस्था छ । यस वर्ष देहाय अनुसार म्याद ननाघेको मोविलाईजेशन पेश्की रु. १६४६९०३ र म्याद नाघेको अन्य पेश्की रु. १५८१६९५रहेको छ । उक्त पेश्की आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्र्यौट गर्नुपर्दछ र म्याद नाघेको अन्य पेश्की फस्र्यौट हुनु पर्ने रु.
<table>
<tr><th>सि नं</th><th>पेश्की लिने व्यक्ति तथा फर्म</th><th>रकम</th><th>म्याद</th></tr>
<tr><td>१</td><td>क.अ. श्री गोपाल सहानी क्षेत्री</td><td>१३१३३६</td><td>नाघेको</td></tr>
<tr><td>२</td><td>गंगोत्री देवी निर्माण सेवा</td><td>४४६९०३</td><td>ननाघेको</td></tr>
<tr><td>३</td><td>द काली सिद्धी निर्माण सेवा रंगशाला निर्माण</td><td>१२०००००</td><td>ननाघेको</td></tr>
<tr><td>४</td><td>नेपाल विद्युत प्राधिकरणवितरण केन्द्र प्रमुख</td><td>७५०४८४.९८</td><td>नाघेको</td></tr>
<tr><td>५</td><td>पोलिसि रिसर्च प्लानिङ एण्ड एड्भोकेसी फाउण्डेसन प्रा.लि.</td><td>६९९८७४</td><td>नाघेको</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३२२८५९८</td><td></td></tr>
</table></td><td>१,५८१,६९४.९८</td></tr>
<tr><td>२६</td><td></td><td></td><td>आयको अनुमानः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.५५ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु.४३२५७२३।०४ अर्थात अनुमान भन्दा २१.३५ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थार्थपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२७</td><td></td><td></td><td>कर तथा शुल्क असुली -<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr>
<tr><td>एकीकृत सम्पत्ति कर र घरजग्गा कर</td><td>९०००००</td><td>७२५४७८.५४</td><td>८१%</td></tr>
<tr><td>घरजग्गा वहाल कर</td><td>२५००००</td><td>१०९९८६</td><td>४४%</td></tr>
<tr><td>व्यवसाय कर</td><td>६०००००</td><td>७९६६७</td><td>१३%</td></tr>
<tr><td>वहाल विटौरी शुल्क</td><td>२०००००</td><td>०</td><td>०</td></tr>
<tr><td>अन्य कर</td><td>३५५००००</td><td>३४१०५९१.५</td><td>९६ %</td></tr>
<tr><td>जम्मा</td><td>५५०००००</td><td>४३२५७२३.०४</td><td>७८.६५%</td></tr>
</table>
पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>राजश्व अभिलेख :<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ मा भएको व्यवस्था अनुसार कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा अघिल्लो आ.व.को बाँकी के कति रसिद छन सोको पुर्ण अभिलेख राखेको देखिएन । पालिकाबाट सवै वडाहरुमा स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९ | | | **राजश्व दाखिला :**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८(२) अनुसार आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लागउने र सो भन्दा ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लागाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारबाही समेत गर्ने गराउने उल्लेख छ। पालिका अन्तर्गत ९ वटा वडा बाट प्राप्त गरेको राजश्व रकम एक महिनाभित्र दाखिला हुने गरेको छ । कानूनले तोकिएको समयावधि भित्र राजस्व रकम दाखिला गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । पालिकाले नगदी रसिद नियन्त्रण खाता राखि व्यबस्थित रुपमा ठेलि तथा रसिद नम्बर खुलाएर रसिद ठेलि बुझाउने, बुझाएको ठेलीबाट प्राप्त आम्दानी सम्बन्धमा पोष्टिङ गरी जोडजम्मा तथा परीक्षण गर्न सकिने बनाउने, फिर्ता लिएको बाँकी रसिद नम्बर समेत खुलाएर अभिलेख राख्ने र प्राप्त राजश्व पालिकाले समेत परीक्षण गरी एकिन गर्नु पर्नेमा वडाबाट दाखिला भौचरको आधारमा मात्र आम्दानी गर्ने र राजश्व शाखाले रसिदहरु पोष्टिङ नगरी प्राप्त आम्दानी बैंक दाखिला गरेको पाईदा प्राप्त हुनुपर्ने राजश्व र प्राप्त राजश्व भिडान गर्न सकिएन । साथै लेखाशाखाले आम्दानी, गोश्वरा भौचर उठाउदा गोश्वरा भौचरसँग बैंक भौचर नहुने, शाखामा रहेको भौचरमा नगदी रसिद नम्बर उल्लेख नहुने, मालपोत रसिद र नगदि रसिद नछुट्टिने, वडागत तथा शीर्षकगत आम्दानी राजश्व शाखाले पनि तयार नगर्ने अवस्थाले राजश्वको अभिलेख व्यवस्था कमजोर रहनुका साथै परीक्षण गर्न सक्ने अवस्थामा रहेको पाईएन । नगद आम्दानी रकम दैनिक रुपमा तथा भोलिपल्ट समेत दाखिला नभइ दुरीको कारण मासिक रुपमा ढिलो दाखिला हुने गरेकोमा नियमानुसार समयमा दाखिला गर्न पालिकाले व्यवस्था मिलाउनु पर्दछ । | |
| ३० | | | **व्यवसाय कर -**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.८२६६७।०० कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आप्mनो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| ३१ | ४६२ र ५२४ | २०७९-३-२४ | **करकट्टीः**<br>आयकर ऐन,२०५८ को परिच्छेद १७ दफा ८८ (१) अनुसार परमर्शदातालाई रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले अग्रिम करकट्टी गर्नुपर्ने उल्लेख छ । पालिकाले हेफर प्रोजेक्ट नेपाल, सँग (लागत साझेदारीमा स्वरोजगार कार्यक्रम) कृषि तथा पशु उद्यमशीलता विकास परियोजना सिम्ता सञ्चालनका लागि सम्झौता अनुसार २०७८ मंसिर २६ देखि २०८० असार ३० सम्म क्रियाकलापहरु संचालानार्थ यस वर्ष रु.४१६०,०००।०० भुक्तानी गरेको छ । सम्झौता हेफर प्रोजेक्ट नेपाल सँग गरेता पनि सो कार्य सुन्दर नेपाल नामक संस्थाले गरी भुक्तानी लिएको छ । उक्त कार्य गर्ने परामर्शदाता मुल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाण पेश भएको देखिएन । सम्झौता अनुसार उक्त परामर्शदातालाई रु.४१६०,०००।०० भुक्तानी गर्दा १५ प्रतिशतले अग्रिम करकट्टी रु.६२४,०००।०० गर्नुपर्नेमा करकट्टी गरेको पाइएन । नियमानुसारको कर कट्टी गर्नुपर्नेमा कुनै आधार भए पेश गर्नुपर्ने अन्यथा असुल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु. | ६२४,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३२</td><td></td><td></td><td>
पारिश्रमिक कर छूटः<br>
आयकर ऐन, २०५८ को दफा ८७ अनुसार रोजगार दाताबाट अनुसूची १ बमोजिम कर कट्टा गर्नु पर्ने व्यवस्था छ । यस पालिकामा कार्यरत कर्मचारीहरुको बार्षिक आयमा लाग्ने कर नियमानुसार कट्टी गर्न छुट देखिएकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु.
<table>
<tr><th>कर्मचारीको नाम</th><th>खुद बार्षिक आय</th><th>कर छुट</th><th>कर योग्य आय</th><th>कट्टी गरेको</th><th>छुट पारिश्रमिक कर</th></tr>
<tr><td>आई टि किरण गौतम</td><td>४७७८७०</td><td>४५००००</td><td>२७८७०</td><td>०।००</td><td>२७८७</td></tr>
<tr><td>रोजगार संयोजक हरि बहादुर बुढा</td><td>५०३८७०</td><td>४५००००</td><td>५३८७०</td><td>०</td><td>५३८७</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>८१७४</td></tr>
</table>
मिति २०७९-१२-१५ मा आई टि किरण गौतम को 2787.00 सम्परीक्षण मनासिब देखि फर्स्यौट गरिएको<br>
मिति २०७९-१२-१५ मा रोजगार संयोजक हरि बहादुर बुढा को 5387.00 सम्परीक्षण मनासिब देखि फर्स्यौट गरिएको
</td><td>०</td></tr>
<tr><td>३३</td><td></td><td></td><td>
भुक्तानीमा कर<br>
– आयकर ऐन, २०५८ को दफा ८८, ८८क(१) र ८९ मा भुक्तानीमा अग्रिम कर तथा आकस्मिक कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने रु.४३३५७।०० कर कट्टी गरेको छैन । तसर्थ उक्त कर असुल हुनुपर्ने रु.
<table>
<tr><th>गोभौनं./मिति</th><th>विवरण</th><th>भुक्तानी रकम</th><th>करको दर</th><th>कर रकम</th></tr>
<tr><td rowspan="3">५१२।०७९।३।२३</td><td>सिम्ता गाउँपालिका खेलकुद विकास समितिको पेश्की फर्स्यौटमा पुरस्कार वितरणमा कर छुट भएको</td><td>१०००००</td><td>२५%</td><td>२५०००</td></tr>
<tr><td>कर्मचारीलाई भत्ता भुक्तानी</td><td>८००००</td><td>१५%</td><td>१२०००</td></tr>
<tr><td>सामाग्री खरिद</td><td>२२२५००</td><td>१.५%</td><td>३३५७</td></tr>
<tr><td>३५१।०७९।१।२५</td><td>सिम्ताली युवा क्लवलाई खेलकुद सामाग्री खरिद वापत भुक्तानी</td><td>२०००००</td><td>१.५%</td><td>३०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td></td><td>४३३५७</td></tr>
</table>
मिति २०७९-१२-१५ मा सिम्ताली युवा क्लव को 3000.00 सम्परीक्षण मनासिब देखि फर्स्यौट गरिएको
</td><td>४०,३५७</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३४</td><td></td><td></td><td>

**सवारीसाधन खरिद**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वियन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले १ थान दुई पांङ्ग्रे सवारि साधन खरिदमा रु.२८३५३०।००, बजेटबाट खर्च गरेको छ ।

<table>
<tr><th>सि.नं</th><th>सवारी साधन</th><th>संख्या</th><th>रकम</th><th>खरिद मिति</th></tr>
<tr><td>१</td><td>मोटरसाइकल</td><td>१</td><td>२८३५३०</td><td>२०७९।३।२१</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>

**बार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने, नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१३ करोड १० लाख ८३ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

</td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>

**ठेक्का व्यबस्थापनः**

सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली, २०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ ।गाउँपालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छः(रु.हजारमा)

<table>
<tr><th rowspan="2">कुल निर्माण खर्च</th><th colspan="2">सोझै खरिद</th><th colspan="2">सिलबन्दी दरभाउपत्र</th><th colspan="2">बोलपत्र</th><th colspan="2">तेश्रो चौमासिकमा व्यवस्था भएको</th></tr>
<tr><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th></tr>
<tr><td>४८०९३</td><td>०</td><td>०</td><td>१</td><td>१९८१</td><td>३</td><td>४८०९३</td><td>०</td><td>०</td></tr>
</table>

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३७</td><td>५०९</td><td>२०७८-१०-२५</td><td>विरुवा खरिदः<br>पालिकाले विरुवा खरिद गर्दा सके सम्म सरकारी फर्मबाट खरिद गर्नुपर्ने र यदि सरकारी फर्ममा उपलब्ध हुन नसके जिल्ला कृषि विकास कार्यालयले तोकेको कृषि श्रोत केन्द्रबाट विउ विरुवा खरिद गरिनु पर्दछ । यसरी खरिद गरिएको विउ विरुवाको जर्मिनेशन परीक्षण गरेपछि मात्र कृषकलाई उपलब्ध गराउनु पर्दछ । फलफुल विरुवा वितरण ८५ प्रतिशत अनुदान कार्यक्रम वापत रु.३१८०५०।०० ढुवानी समेत भुक्तानि दिएको छ । पालिकाले श्री ईन्द्रेणी फलफुल नर्सरी फर्म बाट कागती कलमी विरुवा १७५० थान रु१५०।०० र सुन्तला कलमी विरुवा १२०० थान रु७० मा कृषकहरुको लागि खरिद गरी ५० जना कृषकलाई वितरण गरेको भरपाई पेश भएको छ । यसरी खरीद गरिएको विरुवा विक्री गर्ने विक्रेता जिल्ला कृषि विकास कार्यालयबाट श्रोत केन्द्र तोकेको प्रमाण पेश नभएको र खरिद गरिएका विउ विरुवा उपयूक्त भए नभएको एकिन गर्न सकिने अवस्था देखिएन । यस सम्वन्धमा पालिकाको समेत ध्यान जानुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>अनुत्पादक खर्च<br>सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु.५६०९९५।०० खर्च गरेको देखिन्छ ।<br><table>
<tr><th>सि.नं.</th><th>भुक्तानी पाउने संस्थाको नाम</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>१</td><td>स्टार ईन्नोभेसन एण्ड रिसर्च सेन्टर</td><td>भिडियो निर्माण</td><td>२५००००</td></tr>
<tr><td>२</td><td>पशुपति म्यूजिक सेन्टर</td><td>गित रेकर्ड</td><td>६७५१७</td></tr>
<tr><td rowspan="2">३</td><td rowspan="2">आकृति छापाखाना प्रा लि</td><td>सिम्तालीको भाषा बैज्ञानिक अध्ययन पुस्तक १००० थान छपाई</td><td>१७५०००</td></tr>
<tr><td>सिम्ताली लोक गीतको अध्ययन नामक किताव १००० थान छपाई</td><td>६८४७८</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>५६०९९५</td></tr>
</table>
यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>स्थानीय तहका पदाधिकारी सुविधा<br>कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७७ को दफा ३ मा पदाधिकारी र सदस्यले आफु निर्वाचित भई काम कारबाही शुरु गरेको मिति देखि अनुसुची १ र २ मा उल्लेख भए बमोजिमको रकममा नबढ्ने गरी स्थानीयतहको आन्तरिक श्रोतको आधारमा सुविधा पाउने व्यवस्था छ । पालिकाले पदाधिकारीहरुलाई यस वर्ष रु.५६ लाख ८३ हजार ५ सय २ रकम सुविधा वापत भुक्तानी गरेको छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | | | **भ्रमण खर्च**<br>कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .<br><br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br><br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br><br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br><br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br><br>• स्पष्ट प्रयोजन बेगर पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br><br>तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१ | | | **शिक्षक दरवन्दी र पदपूर्ति -**<br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ६० सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । | |

| क्र सं | विद्यालय | **शिक्षकदरबन्दी** | | | | **पदपुर्ती** | | | | | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दरबन्दी | राहत | शिक्षण सिकाइ अनुदान संघ | गाउँपालिका शिक्षक अनुदान | स्थायी | करार | राहत | शिक्षण सिकाइ अनुदान | गाउँपालिका शिक्षक अनुदान | |
| १ | वालविकास | ६० | ० | ० | ० | ० | ५९ | ० | ० | ० | ९९५ |
| २ | प्रा वि | १२६ | ४४ | ० | ० | ९५ | २६ | ४३ | ० | ० | ३५३० |
| ३ | नि मा वि | २६ | २२ | २ | ० | २३ | ३ | २२ | २ | ० | १९८६ |
| ४ | मा वि | १८ | १० | ७ | ० | १८ | ० | १० | ७ | ० | ११११५ |
| ५ | उमावि | २ | ६ | ० | ० | ० | २ | ६ | ० | ० | ५७६ |
| जम्मा | | २३२ | ८२ | ९ | ९ | १३६ | ९० | ८१ | ९ | ० | ८२०२ |

दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | | | **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता –**<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी नयाँ शैक्षिक सत्र सञ्चालनका लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.१०७०२८७७।०० तलब भत्ता भुक्तानी गरेको पाईयो । यसरी नियमावलीमा भएको व्यवस्था विपरीतको कार्य नियमसम्मत नदेखिएको रु | १०,७०२,८७७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३ | | | **विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानः**<br>कार्यक्रम कार्यान्वियन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.१३.१३ मा भएको व्यवस्था अनुसार पालिकाभित्रका विद्यालयबाट छनोट गरी विद्यालयमा पुस्तकालय, ICT र विज्ञान प्रयोगशाला वापत रु ६५०००० अनुदान दिनुपर्ने व्यवस्था छ ।उक्त अनुदानवापत विद्यालयले कार्यसम्पन्न गरेको प्रमाण पेश गर्नुपर्ने रु<br><table><tr><td>सि न</td><td>गो भौ र मिति</td><td>विद्यालयको नाम</td><td>प्रयोजन</td><td>रकम</td></tr><tr><td>१</td><td>२४५।२०७९।३।२०</td><td>सूर्यज्योती मा वि सुन्तोला</td><td>विज्ञान प्रयोगशाला</td><td>६५००००</td></tr><tr><td>२</td><td>२४५।२०७९।३।२०</td><td>जनकल्याण आवि चुनपानी</td><td>ICT</td><td>६५००००</td></tr><tr><td>३</td><td>२४५।२०७९।३।२०</td><td>भानु मावि बजेडीचौर</td><td>पुस्तकालय</td><td>६५००००</td></tr></table> | १,९५०,००० |
| ४४ | | | **स्यानीटरी प्याड भेन्डिङ्ग मेशिन खरिदः**<br>कार्यक्रम कार्यान्वियन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. २.७.१३.२३ मा सामुदायिक विद्यालयका कक्षा ६...१२ मा अध्ययनरत छात्राहरुका लागि निशुल्क स्यानीटरी प्याड व्यवस्थापन गर्नका लागि प्रति विद्यार्थी अनुदान दिने र यो व्यवस्था अनुसार छात्राहरुलाई प्याड उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ ।पालिकाले शसर्त चालुको २६६।२०७९।३।२३ बाट स्यानीटरी प्याड ३९०४० प्याकेड खरिद गरी अधिकाश प्याड वितरण गरेको पाइयो ।त्यस्तै गरी पालिकाले २६७।३।२३ बाट उक्त स्यानीटरी प्याड वितरण गर्ने भेन्डिङ्ग मेशिन विद्यालयमा वितरण गर्ने प्रयोजनार्थ २५ सेट खरिदमा रु ९८८७५० बजेटबाट खर्च लेखेको छ । तर लेखापरीक्षण अवधि सम्म पनि उक्त भेन्डिङ्ग मेशिनहरु विद्यालयमा वितरण नभई पालिकाको गोदाममै स्टक राखेको छ । आवश्यकतालाई महशुस नगरी खरिद प्रयोजनार्थ उक्त भेन्डिङ्ग मेशिनहरु खरिद गर्ने र सम्बन्धीत ठाउँमा हस्तान्तरण नगर्नेहरुलाई जिम्मेवार वनाइ वितरण गरेको प्रमाण पेश गर्नुपर्ने रु | ९८८,७५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५ | | | **भुक्तानीमा कर –**<br>आयकर ऐन, २०५८ को दफा ८९ मा भुक्तानीमा १.५ प्रतिशत अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका कर्मचारीलाई शोधभर्ना भुक्तानी गर्दा उक्त भुक्तानीमा नियमानुसार लाग्ने अग्रिम कर कट्टी नगरेकोले सम्बन्धीत कर्मचारीबाट असुल गर्नुपर्ने रु | ११९,२५० |

| गोभौनं./मिति | विवरण | भुक्तानी रकम | करको दर | कर रकम |
|---|---|---|---|---|
| १९।२०७९।१।२५ | ने रा आ वि झ्यामा ४ कोठे भवन निर्माण | ३६०००००० | १.५ % | ५४००० |
| २५।२०७९।३।१९ | भगवती मावि गान्द्रा २ कोठे भवन निर्माण | १८०००००० | १.५ % | २७००० |
| २८।२०७९।३।२२ | भानु मावि बजेडीचौर आइसीटी निर्माण | ६५०००० | १.५ % | ९७५० |
| २८।२०७९।३।२२ | ने रा आ वि पानिखोला आइसिटी निर्माण | ६५०००० | १.५ % | ९७५० |
| ९७।२०७८।१२।२४ | शितल चौतारी बाख्रापालन कृषक समूह | ३३५००० | १.५ % | ५०२५ |
| १०२।२०७८।१२।३० | विनिता कृषि तथा पशुपक्षी फर्म | ६५००० | १.५ % | ९७५ |
| १०३।२०७८।१२।३० | चन्द कृषि तथा पशुपक्षी फर्म | ६५००० | १.५ % | ९७५ |
| १०३।२०७८।१२।३० | खेल्नचौर बाख्रापालन कृषक समूह | ३३०००० | १.५ % | ४९५० |
| १०५।२०७९।१।७ | जानकि कृषि तथा पशुपक्षी फर्म | ६५००० | १.५ % | ९७५ |
| १२०।२०७९।१।१७ | निरुता कृषि तथा पशुपक्षी फर्म | ६५००० | १.५ % | ९७५ |
| १२५।२०७९।१।२२ | सिम्ता साना किसान कृषि सहकारी संस्था लि | ३२५००० | १.५ % | ४८७५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | | | **दाखिला नभएकोः**<br>आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा कर कट्टा गर्नुपर्ने व्यवस्था छ भने दफा ९० मा उक्त कर रकम दाखिला गर्नुपर्ने व्यवस्था छ ।पालिकाबाट सञ्चालित कार्यक्रम वापत सम्बन्धीत समूह तथा सहकारीले कट्टी गरेको उक्त बहाल कर रकम दाखिला नगरेकोले दाखिला प्रमाण पेश गर्नुपर्ने रु<br><table><tr><th>गोभौनं./मिति</th><th>विवरण</th><th>करको दर</th><th>कर रकम</th></tr><tr><td>९७।२०७८।१२।२४</td><td>शितल चौतारी बाख्रापालन कृषक समूह</td><td>१० %</td><td>१६००</td></tr><tr><td>१०३।२०७८।१२।३०</td><td>खेल्नचौर बाख्रापालन कृषक समूह</td><td>१० %</td><td>२१००</td></tr><tr><td>१२५।२०७९।१।२२</td><td>सिम्ता साना किसान कृषि सहकारी संस्था लि</td><td>१० %</td><td>२६००</td></tr></table> | ६,३०० |
| ४७ | | | **औषधी खरिद –**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर यस स्थानीय तहले उक्त प्रक्रियावेगर रु. ५२ लाख का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु न्निानुसार छनः<br>• आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।<br>• औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको ।<br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४८</td><td></td><td></td><td>कृषि कार्यक्रम तर्फः<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्दछ ।विउ विजन खरिद, विरुवा खरिद, कृषि सामाग्री, मेशीन लगायतका सामान खरिद गरी कृषकलाई वितरण गरेको भर्पाइ संलग्न गर्ने गरेको पाइयो भने अनुगमन भत्ता खर्च लेख्दा निरिक्षण अनुगमन प्रतिवेदन लिने गरेको पाइएन । त्यस्तै गरी वितरण भर्पाइ कार्यालय प्रमुखबाट प्रमाणित हुने गरेको छैन । अतः कृषक छनौटको आधार, वितरित बिउ, विजन बिरुवा, कृषि सामाग्री कृषकले प्राप्त गरेको र सदुपयोग भएको सुनिश्चित हुने निरीक्षण अनुगमन प्रतिवेदन पेश हुनु पर्दछ भने वितरित विउ विजन बिरुवाको परिमाण ठुलो देखिएकोले त्यस्ता विरुवा विउ विजन प्रयोग हुने जग्गा कृषकसँग रहेको प्रमाण समेत अनुगमन निरिक्षण हुनुपर्दछ ।<br>
<table>
<tr><th>भौ. नं. मिति</th><th>विवरण</th><th>विउ विजनको मूल्य</th></tr>
<tr><td>९।२०७९।२।२४</td><td>मकै विउ खरिद २४३२ के जी</td><td>३५२१६०</td></tr>
<tr><td>७।२०७९।३।१७</td><td>सिमि, करेला, वोडी, काक्रा, टमाटर लगायत तरकारीको विउ ६५ प्याकेड खरिद</td><td>७५०००</td></tr>
<tr><td>१६।२०७९।३।२५</td><td>विरुवा खरिदः धुपी १०० वटा, आपको १०० वटा, पामको ५० वटा, मलुसियन सालको ५० वटा, सागवानको ५० वटा, अशोकको ५० वटा र वकाइनोको ५० वटा</td><td>४४०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>४९</td><td></td><td></td><td>अनुदानको अनुगमन –<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले ६ कृषि तथा पशुसेवा सहकारी संस्था र समूहलाई रु २४ लाख ३० हजार बीउपूँजी तथा अनुदानमा खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५० | | | **नाफामूलक फर्म तथा व्यक्तिलाई अनुदानः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।तर पालकाले यस वर्ष निम्नानुसारका नाफामूलक तथा व्याक्तिगत फर्मलाई अनुदान दिइ खर्च लेखेको छ ।सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । | |

| क्र स | फर्मको नाम | अनुदान रकम |
|---|---|---|
| १ | विनिता कृषि तथा पशुपक्षी फर्म | ५०००० |
| २ | चन्द कृषि तथा पशुपक्षी फर्म | ५०००० |
| ३ | भट्टराई बाख्रा फर्म | ५०००० |
| ४ | जानकि कृषि तथा पशुपक्षी फर्म | ५०००० |
| ५ | निरुता कृषि तथा पशुपक्षी फर्म | ५०००० |
| ६ | प्रकाश कृषि तथा पशुपक्षी फर्म | ५०००० |
| ७ | शाही कृषि तथा पशुपक्षी फर्म | ५०००० |
| ८ | भुवन कृषि तथा पशुपक्षी फर्म | ५०००० |
| ९ | गणेश पशुपक्षी तथा कृषि फर्म | ५०००० |
| १० | थापा बाख्रा फर्म | ५०००० |
| ११ | हरियाली कृषि तथा पशुपक्षी फर्म | ३६००० |
| जम्मा | | ५३६००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ५१ | | | **छोरी सुरक्षा कार्यक्रमः**<br>बैंक खाता छोरीको¸ सुरक्षा जीवन भरिको कार्यक्रम सञ्चालन कार्यविधि २०७६ को दफा ४ मा वि.स. २०७६ श्रावण १ गते वा सो भन्दा पछि जन्मीएका कर्णाली प्रदेश भित्रका छोरीलाई प्रदेश सरकारले निज छोरी २० वर्षको हुँदा सम्म जन्मेको पहिलो महिनाको रु १००० र त्यसपछि मासिक रु ५०० का दरले बैंक खातामा रकम जम्मा गरिदिने व्यवस्था छ । त्यसै गरी कार्यक्रममा सहभागी छोरीले माध्यामिक तहसम्मको अध्ययन पुरा नगरेमा वा अध्ययन बिचैमा छोडेमा¸ २० वर्ष नपुग्दै विवाह गरेमा सो रकम उपलव्ध नगराउने समेत उल्लेख भएबाट गाउँपालिकाले रकम बैकखातामा जम्मा गर्नु अघि ती छोरीहरुको स्थिति¸ अवस्थाका बारेमा स्पष्ट हुन जरुरी छ । प्रति छोरीको २० वर्षसम्म अभिलेख अद्यावधिक गर्नुपर्ने र प्रत्येक वर्ष जन्मेका थप छोरीको समेत अभिलेख अद्यावधिक गर्दै जानुपर्ने¸ अनुगमन संयन्त्र वनाउनु पर्नेमा पालिकामा २६६ जना छोरीको दर्ता किताब मात्र तयार गरी बैंकमा रु १८४६००० पठाएको हुँदा पछिल्ला वर्षहरुमा थप हुँदै जानेको संख्या समेत अभिलेख तयार गर्ने तर्फ ध्यानाकर्षण हुनजरुरी देखिन्छ । | |
| ५२ | | | **सुरक्षित नागरिक आवास कार्यक्रमः**<br>नेपाल सरकार शहरी विकास मन्त्रालय अन्तर्गत सुरक्षित नागरिक आवास कार्यक्रम वापत पालिकाले रु ४२७७९८९ बजेट खर्च लेखी आवास निर्माणको लागि भुक्तानी गरेको छ । उक्त रकम लाभान्वीत परिवारलाई भुक्तानी गर्दा साम्रगी खरिद गरेका विलहरुमा अग्रिम करकट्टी समेत गरेको पाइयन । आयकर ऐन, २०५८ को दफा ८९ मा भुक्तानीमा १.५ प्रतिशत अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले उक्त कर रकम यकिन गरी बाकी रकम भुक्तानी गर्दा कट्टा गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५३</td><td></td><td></td><td>
सिप विकास तालिमः<br>
आर्थिक कार्यविधि तथा वितीय उत्तरदायित्व ऐन २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नु पर्ने उल्लेख छ ।साथै अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिकामा तालिम कार्यक्रम सञ्चालनमा पारिश्रमिक भत्ता र शेसन सम्बन्धी व्यवस्था रहेको छ । पालिकाले २०८।२०७९।३।१५ र २०९।२०७९।३।२५ बाट मेड्पा कार्यक्रम अन्तर्गत सोमित कुमारी सिहको पेश्की फस्योँट गर्दा निम्न सिप विकास तालिम सञ्चालन प्रशिक्षकहरुलाई प्रशिक्षक भत्ता भुक्तानी गर्दा कार्यविधिमा भएको व्यवस्था भन्दा फरक दरमा रकम भुक्तानी गरेको छ । पालिकाले उक्त प्रशिक्षकहरुलाई कार्यविधिमा उल्लेख भएको भन्दा बढी भत्ता भुक्तानीको आधारप्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धीतबाट वढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु
<table>
<tr><th>सि न</th><th>तालिमको नाम</th><th>प्रशिक्षकको नाम</th><th>भुक्तानी दर र रकम</th><th>भुक्तानी रकम करकट्टी सहित</th></tr>
<tr><td>१</td><td>बाख्रा पालन तालिम</td><td>बल बहादुर राना</td><td>२४००*५= १२०००</td><td>१०२००</td></tr>
<tr><td>२</td><td>साबुन उत्पादन तालिम</td><td>राजेन्द्र विष्ट</td><td>६०००*५= ३००००</td><td>२६५०० (रु १००० यातायात सहित)</td></tr>
<tr><td>३</td><td>बाख्रा पालन तालिम</td><td>काशिराम शर्मा</td><td>२४००*५= १२०००</td><td>१०२००</td></tr>
<tr><td>४</td><td>साबुन उत्पादन तालिम</td><td>राजेन्द्र विष्ट</td><td>८०००*५= ४००००</td><td>३५००० (रु १००० यातायात सहित)</td></tr>
<tr><td>५</td><td>दुनाटपरी सम्बन्धी तालिम</td><td>हरिकला रमतेल</td><td>४०००*५= २००००</td><td>१८००० (रु १००० यातायात सहित)</td></tr>
</table>
</td><td>९९,९००</td></tr>
<tr><td>५४</td><td></td><td></td><td>
मेड्पा कार्यक्रमः<br>
नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय मार्फत शसर्त अनुदानका रुपमा उपलब्ध हुने बजेटलाई गरीबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ मा भएको व्यवस्था बमोजिम गरीबि निवारणका लागि विभिन्न सिप विकास कार्यक्रमहरु सञ्चालन गरी खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यसै व्यवस्था बमोजिम २२८।२०७९।३।१७ बाट सिलाई कटाइ तालिम सञ्चालन गर्नका लागि रु १६७२२५ बजेट खर्च लेखेको छ । सिन्धुपाल्चोकबाट प्रशिक्षक ल्याएर तालिम सञ्चालन गर्दा स्थानीयले तालिम सञ्चालन गर्न नदिएको भन्ने कार्यक्रम संयोजकको भनाई रहेको छ । तालिम सञ्चालन गर्नका लागि खरिद गरेका साम्रगीहरु कार्यालयमै जिन्सी दाखिला गरी कार्यालयमै स्टक रहेको पाइयो । पालिकाले यस वर्ष खरिद गरेका साम्रगीहरुबाटै अर्को वर्ष उक्त कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५५ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम –**<br>प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ । स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ ।यस पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छ । कामका लागी रोजगार कार्यक्रम कार्यान्वियनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्वेश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वियन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ५९ जनालाई रोजगारी उपलव्ध गराई रु.२९४२७००।०० खर्च गरेको छ । लक्षित वर्गलाई ६२ दिनदेखि ९९ दिनसम्म अर्थात औषत १३८९ दिन रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेको छ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६ | | | **कालो सूचिमा राख्नेवारेः**<br>सार्वजानिक खरिद ऐनको दफा ६३(१) ख मा दफा २७ वा ३८ बमोजिम स्वीकृतीको लागी छनौट भएको वोलपत्रदाता खरिद सम्झौता गर्ने नआएमा दफा ६३(१) अनुसार वोलपत्रदातालाई निजको कार्यको गम्भिरताको आधारमा सार्वजानीक खरिद अनुगमन कार्यालयले एक बर्ष देखि तिन बर्ष सम्म कालो सुचिमा राख्न सक्ने उल्लेख छ ।त्यस्तै सार्वजानीक खरिद नियमावली २०६४ को नियम १४१ (१) मा सार्वजानीक निकायले ऐनको दफा ६३ बमोजिम कुनै बोलपत्रदाता कम्पनिलाइ कालोसुचिमा राख्नु परेमा त्यस सम्मबन्धी बिस्तृत विवरण र कारण खुलाइ सबुद कागजात सहित सार्वजानीक खरिद अनुगमन कार्यालयलाई लेखि पठाउनुपर्ने उल्लेख छ । नियम १४१ (२) मा उपनियम (१) बमोजिम लेखि आएमा सार्वजानीक खरिद अनुगमन कार्यालयले त्यस्तो विवरण जाँचबुझ गरि नियमानुसार खरिद सम्झौता गर्न नआउनेलाइ कालोसुचिमा राख्ने प्रकृया पुरा नभए सम्मका लागी नयाँ खरिद कारबाहिमा सहभागी हुन रोक लगाउन सक्ने उल्लेख छ ।यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छनः<br><br>**१) पालिकाको वडा नं ६ मा रंगशाला निर्माणः** यस कार्यका लागी **द कालिसिद्धि निर्माण सेवा सुर्खेत** संग मिति २०७८।९।८ मा रु ७०६८५५८।५४ संझौता भएकोमा उक्त ठेक्का मिति २०७९।३।२१ मा सम्पन्न गर्नुपर्ने उल्लेख छ। उक्त कार्यको प्रथम रनिङ विल वापत रु २४९६३१० भुक्तानी भएको छ। उक्त संझौता रकमको ३५ प्रतिशत मात्र वितिय प्रगति भएको उक्त कार्यको हाल निर्माण व्यवसायी सम्पर्कमा नभएको साथै काम सूचारु अवस्थामा नरहेकोले कार्य सम्पादन जमानत वापत रकम रु ४९४३१६५ जफत गरी नियमानुसार कार्वाहीको लागि प्रक्रिया अगाडी वढाउनु पर्ने देखिएको रु<br><br>**२) गोजी आली चोल्पा सडक निर्माणः** यस कार्यका लागि **गंगोत्री देवी निर्माण सेवा वाँके** सँग मिति २०७८।४।१७ मा रु ४४६९०२१।७० को संझौता भएकोमा उक्त ठेक्का मिति २०७९।३।१५ मा सम्पन्न गर्नुपर्ने उल्लेख छ। सो कार्यको प्रथम रनिङ वील वापत रु १८५९०८१ भुक्तानी भएको र सो पछि भुक्तानी नभएकोले संझौता रकमको ४१.६० प्रतिशत वितिय प्रगति भएको देखिन्छ। निर्माण व्यवसायीले म्याद थपका लागि निवेदन नदिएकोले म्यादथप भएको पाइएन। ठेक्काको म्याद समाप्त भएको तथा म्याद थप नभएकोले कार्यसम्पादन जमानत वापत राखेको रु २४२१२३० जफत गरी आवश्यक कार्वाहीका लागी प्रक्रिया अगाडी वढाउनु पर्ने देखिएको रु<br><br>**३) शहिद ऋषि स्मृती चक्रपथ सडक निर्माणः** यस कार्यका लागी **पि पि ओटी निर्माण सेवा सुर्खेत** संग मिति २०७८।४।१७ मा रु ४३७७७४७।७९ को संझौता भएकोमा उक्त कार्य मिति २०७९।३।१५ मा संम्पन्न गर्नु पर्ने उल्लेख छ। सो कार्यको प्रथम विल वापत रु २५०५१६२।२० भुक्तानी भएको र सो पछि भुक्तानी नभएकोले संझौता रकमको ५७.२२ प्रतिशत वित्तीय प्रगति भएको देखिन्छ। सो कार्यको म्यादथप नभएको तथाकार्य सुचारु समेत नभएकोले कार्यसम्पादन जमानत वापत राखेको रु २४८३५०० जफत गरी आवश्यक कार्वाहिका लागि प्रकृया अगाडी वढाउनुपर्ने देखिएको रु<br><br>क्रम: ५६.१; कर्मचारीको नाम: ; असुली रकम: ० | ९,८४७,८९५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ५७ | | | **रितपूर्बकको कर बिजक –**<br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले रित पूर्कको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मु.अ.कर रु. ३८९९७५ समेत रु. २९९९८०५ सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसायिले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु. | ३८९,९७४.६७ |

| भौचर नं मिति | भूक्तानि पाउनेको नाम | प्यान नं | कर विजकको अवस्था | मु अ कर रकम |
| --- | --- | --- | --- | --- |
| ७६।०७८।११। ९ | पि पि ओट निर्माण सेवा सुर्खेत | ६०६२५३२९९ | विजकमा मिति उल्लेख छैन | १५५३७६ |
| १४३।०७८।१२।२९ | गंगोत्री देवी निर्माण सेवा वाँके | १०४६७४८८४ | वीजकमा विक्रेता को सही छैन | २१३८७६.६७ |
| १८।०७८।२२ | कर्णाली मिडीया सेन्टर नेपाल प्रा ली सुर्खेत | ६०६६५७९३६ | फोटोकपि विजक | १४२३२ |
| १८।०७८।२२ | सुर्खेत व्यावसायिक परामर्श एण्ड एड्भरटाइजिङ सुर्खेत | ६१५८०७७९९ | फोटोकपि विजक | ६४९० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५८</td><td></td><td></td><td>निर्माण व्यवसायी कर कट्टी नगरेकोः<br>निर्माण व्यवसाय नियमावली २०५६ को नियम १४ मा कोषमा बुझाउनु पर्ने दस्तुर वापत ऐनको दफा १७(२) को खण्ड (ख) को प्रयोजनको लागि निर्माण व्यवसायीले ठेक्का अकको ०.१० (शुन्य दशमलव एक शुन्य) प्रतिशतको दरले हुन आउने रकम कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ। पालिकाले निर्माण कार्यमा संलग्न निर्माण व्यवसायीहरुलाई रकम भुक्तानी गर्दा नियमानुसारको निर्माण व्यवसायी कोष कट्टी गरी दाखीला गर्ने गरेको पाईएन। नियमानुसार निर्माण व्यवसायी कोष वापतको रकम कट्टी गरी दाखिला गर्ने तर्फ ध्यानदिनु पर्ने देखिन्छ भने तपशिल वमोजिमका निर्माण व्यवसायीलाई रकम भुक्तानि गर्दा कोष कट्टि नगरेकोले नियमानुसारको हुने रकम अशुल गरी दाखिला गर्नुपर्ने रु<br>
<table>
<tr><td>सि न</td><td>कामको विवरण</td><td>निर्माण व्यवसायी</td><td>मुअ कर वाहेकको भुक्तानी रकम</td><td>०.१० प्रतिशतले हुने रकम</td></tr>
<tr><td>१</td><td>१५ बेडको अस्पताल भवन निर्माण</td><td>माउन्टेन कविन्द्र जे भि काठमाडौं</td><td>३२०१२६२०</td><td>३२०१३</td></tr>
<tr><td>२</td><td>रंगशाला निर्माण</td><td>द कालि सिद्धि निर्माण सेवा</td><td>२२९१२४</td><td>२२०९</td></tr>
<tr><td>३</td><td>पालिका भवन निर्माण</td><td>वाई एस एस।लक्ष्मण जे भि</td><td>३४४५२३३९</td><td>३४४५२</td></tr>
<tr><td>४</td><td>वाखर्क खनेटा औल गान्द्रा सडक</td><td>हरि निर्माण सेवा सुर्खेत</td><td>७४२१३०२</td><td>७४२१</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>७६०९५</td></tr>
</table></td><td>७६,०९५</td></tr>
<tr><td>५९</td><td></td><td></td><td>सक्कल विल तथा विजक वेगर भुक्तानीः<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (१०) अनुसार खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानि दिन आवश्यक विल भर्पाइ र कागजात भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रित पुगे नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ।पालिकाले गो भौ नं ३४।०७८।८।९ बाट मोटरसाईकल खरिद वापद असिम अटो पार्टस सुर्खेतलाई रु ३५३१८० भुक्तानी गरेकोमा मोटर साईकलको हुने रु ३५०९३०।०१ को फोटोकपी विल पेश गरेको पाइयो भने तेश्रो पक्ष वीमा वापत रु २२५० भुक्तानी गरेकोमा सोको वीजक पेश छैन।तसर्थ वीमा गरेको विल वीजक पेश गर्नु पर्ने रु</td><td>२,२५०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६० | | | **नन्फाइलर –**<br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई रकम भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु. | ६८०,९८१.४४ |

| भौचर नं मिति | भुक्तानी पाउनेको नाम | व्यान नं | भुक्तानी रकम | मु अ कर रकम | ननफईलर रहेको मिति |
|---|---|---|---|---|---|
| १३।०७८।१२।२४ संघ हाल | द काली सिद्धि नि से | ३०००२६६५६ | २४९६३१० | २८७१८६ | २०७८ एम ९ |
| ९३।०७८।११ १८ | सुर्खेत आधारभुत कन्टकसन सुर्खेत | ६०९६१०८५५ | १४४२५२५ | १६५९५४ | २०७७ एम ९ |
| ९६।०७८।११।२२ | न्यू वि के विल्डर्स एण्ड सप्लायर्स जाजरकोट | ३०४१५४९७९ | ११९८०४६७ | २२७८४१।४४ | २०७८ एम ६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६१ | | | **सुधारिएको चुलो वितरण सम्वन्धमाः**<br>पालिका अन्तर्गत २००० परिवारलाई सुधारिएको चुल्हो वितरण गर्न हक्स पावर लिमिटेड वीरगञ्ज सँग मिति २०७८ मंसीर २८ मा रु १०९५३६२६।७५ (मु अ कर समेत) को संझौता भएकोमा संझौता अनुसार चुल्हो प्राप्त गरी दाखिला गरेको पाईयो ।उक्त कार्यको लागी जलवायु उर्जा तथा वातावरण कार्यक्रम बाट रु ६० लाख, संघ तर्फवाट रु १० लाख र वाँकी रकम पालिकावाट भुक्तानी गर्नेगरी बजेट खर्च भएको छ। सम्झौता अनुसार लाभ ग्राहीले प्रति चुलो रु १००० का दरले रकम व्यहोर्ने भन्ने भएवाट रु २० लाख व्यहोर्नु पर्ने देखिन्छ। चुल्हो वितरण गरेको भरपाई पेश नभएको र लाभ ग्राही वाट रकम प्राप्त नभएको अवस्थामा गो भो नं १३।०७९।३।२२ विविध खातावाट जलवायु उर्जा तथा वातावरण कार्यक्रमको तालिममा उपस्थित लाभग्राही १९२० जनाले प्राप्त गर्ने रकम वाट प्रति सहभागी रु ४०० ले रु ७६८००० कट्टी गरी पालिकाको खातामा आम्दानी गरेको पाईयो । चुल्हो वितरण गरेको भर्पाई पेश नभएको र लाभग्राहीबाट प्राप्त गर्नुपर्ने वाँकी रकम प्राप्त नभएकोले वितरण भर्पाई सहीत प्राप्त गर्नुपर्ने रु १२३२००० प्राप्त गरी पालिकामा आम्दानी गरेको प्रमाण पेश गर्नुपर्ने रु | १,२३२,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६२</td><td></td><td></td><td>
पूर्व निर्धारित क्षतिपूर्ति अशुल गर्नुपर्नेः-<br>
सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१(क) बमोजिम निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढने गरी साधारणतया प्रतिदिन सम्झौता रकमको शुन्य दशमलव शुन्य पाँच प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने उल्लेख छ । पालिकाबाट भएका निम्न निर्माण कार्यको सम्झौता अनुसार सम्पन्न गर्ने म्याद समाप्त हुदासम्म कार्यसम्पन्न नभएको तथा म्यादथप नभएकोले नियमानुसार पूर्वनिर्धारित क्षतिपूर्ति अशुल गरी कार्य सम्पन्न गर्नुपर्ने रु
<table>
<tr><th>निर्माण कार्य</th><th>निर्माण व्यावसायी</th><th>सम्झौता रकम</th><th>कार्यसम्पन्न गर्ने मिति</th><th>म्याद नाघेको दिन</th><th>क्षतिपूर्ति रकम</th></tr>
<tr><td>रगंशाला निर्माण</td><td>द काली सिद्धि निर्माण सेवा</td><td>७०६८५५८.५४</td><td>२०७९।३।२१</td><td>१२</td><td>४२४११</td></tr>
<tr><td>गोजी आली चोल्मा सडक निर्माण</td><td>गंगोत्री देवि निर्माण सेवा</td><td>४४६९०२१.७</td><td>२०७९।३।१५</td><td>१६</td><td>३५७५२</td></tr>
<tr><td>शहिद ऋषि स्मृति चक्रपथ सडक निर्माण</td><td>पि पि ओटी निर्माण सेवा</td><td>४३७७७४७.७९</td><td>२०७९।३।१५</td><td>१६</td><td>३५०२२</td></tr>
</table>
</td><td>११३,१८५</td></tr>
<tr><td>६३</td><td></td><td></td><td>
धरौटी कट्टी नगरेको:-<br>
सार्वजनिक खरिद नियावली २०६४ को नियम १२३(४ )मा सार्वजनिक निकायले खरिद खातामा आम्दानी संझौता बमोजिम विल वा बीजकको भुक्तानी गर्दा रिटेन्सन मनी बापत रनिङ वा अन्य बिल वा बीजकमा उल्लेखित रकमको पाँच प्रतिशत रकम कट्टा गरी राख्नुपर्ने उल्लेख छ।पालिकाले तपशिल बमोजिमको ठेक्का वा करार संझौता बमोजिमको रकमको भुक्तानी गर्दा नियमानुसार कट्टी गर्नुपर्ने रिटेन्सन मनी कट्टी नगरेकोले नियमको पालना गरेको पाईएन।तसर्थ नियमानुसार धरौटी कट्टी गरी धरौटी खातामा आम्दानी बाध्नुपर्ने रु
<table>
<tr><th>भौ न । मिति</th><th>कामको विवरण</th><th>भुक्तानी पाटी</th><th>भुक्तानी रकम</th><th>हुने धरौटी रकम</th><th>कटी गर्न बाकी रकम</th></tr>
<tr><td>१३।०७८।१२।२४</td><td>रंग शाला निर्माण</td><td>द कालीसिद्धि निर्माण सेवा सर्खेत</td><td>२४९६३१०</td><td>११०४५६</td><td>११०४५६</td></tr>
<tr><td>१४३।०७८।१२।२९</td><td>सडक निर्माण</td><td>गंगोत्री देवी निर्माण सेवा वाके</td><td>१८५९०८१</td><td>८२२६०</td><td>८२२६०</td></tr>
</table>
</td><td>१९२,७१६</td></tr>
</table>


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६४ | | | **बिमाः**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख भन्दा माथिको निर्माण कार्य गर्ने निर्माण व्यावसायीले निर्माण साम्राग्री प्रयोग गरिने मेशिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि बाहेक सम्पूर्ण जोखिम बहन गर्ने गरी वीमा गराउनु पर्ने तथा विमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । पालिकाले निम्न ठेक्काहरुमा बीमा नै नगराइ निर्माण कार्य गराएको तथा पेश्की रकम उपलब्ध गराएको एवम् तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न नसकेको कारण उक्त लगानी जोखिममा परेको देखिन्छ । यसरी वीमा नगराई नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई बीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |

| क्र स | निर्माण व्यवसायी | निर्माण कार्यको विवरण | लागत अनुमान मुअकर वाहेक | संझौता रकम मुअकर बाहेक |
|---|---|---|---|---|
| १ | द काली सिद्धि निर्माण निर्माण सुर्खेत | रंग शाला निर्माण | १६९२१९७१।८५ | ६२६१११३।७५ |
| २ | हरि निर्माण सेवा सुर्खेत | औधोगिक ग्राम निर्माण कम्पाउण्ड वाल गेट लगायत | ८१२८३७२।६० | ५२५५८९० |
| ३ | माउन्टेन कविन्द्र जे भि काठमाण्डौ | १५ वेडको हस्पीटल निर्माण | १७२३२३३९२ | १२४३८६९६८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६५ | | | **प्राविधिक बिल र कार्य सम्पन्नः**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६६ | | | **सब कन्ट्याक्टरबाट काम गराएको :**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्याक्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । देहायका उपभोक्ता समितिले सडकको काम आफै गर्ने गरी सम्झौता गरेकोमा देहायका निर्माण व्यावसायीबाट काम गराएको देखियो । नियमावलीमा भएको व्यवस्था विपरित काम गराउने उपभोक्ता समिति, जाँचपास गर्ने प्राविधिक तथा सिफारिस कर्ता एवं अनुगमन कर्तालाई यस सम्बन्धमा जिम्मेवार वनाउनु पर्दछ । | |

| गो.भौ नं/मिति | उपभोक्ताको नाम | भुक्तानी रकम | निर्माण व्यवसायीको नाम | भुक्तानी रकम |
|---|---|---|---|---|
| २३४।२०७९।३।१२ | वस्तिविस्तार सडक निर्माण चौखेढुङ्गा अखलढुङ्गा उ स | २८८००० | सुन्दर एण्ड ज्ञानु निर्माण सेवा | २८८००० |
| २९५।२०७९।३।२४ | मावि लापु फिल्ड निर्माण उ स | ३७९२०० | पि पि ओ टी निर्माण सेवा | ३८५३३० |
| १६३।२०७९।१।१६ | सिर्पा टोल घट्टेखोला सडक निर्माण उ स | ९६००० | सुन्दर एण्ड ज्ञानु निर्माण सेवा | ११५०५६ |
| | औलमयामा देखि ७ वडा सिमा सम्मवाटो निर्माण उ स | ४८०००० | जाल्पादेवी निर्माणसेवा सुर्खेत एक्साभेटर प्रयोग | ४७९९९९।९९ |
| | दहखानी सडकनिर्माण उ स | ५७६००० | न्यू कुशल निर्माण सेवा लेकवेशीसुर्खेत | ५७६००० |
| | स्थानीय खेलग्राम निर्माण उ स | १२४८००० | पिपिओटीनिर्माण सेवा सुर्खेत | १३५०५७६ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६७</td><td></td><td></td><td>

**जनश्रमदान –**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु.

<table>
<tr><th>गोभौनं./मिति</th><th>उपभोक्ता समिति र काम</th><th>सम्झौता रकम</th><th>कार्य सम्पन्न रकम</th><th>उपभोक्ताले व्यहोर्ने %</th><th>कट्टी भएको रकम</th><th>घटी अनुपातिक कट्टी रकम</th></tr>
<tr><td>२१।२०७९।३।६</td><td>चिमिरे पिल्क माझगाउँ खानेपानी निर्माण उ स</td><td>१७२७८४७.१७</td><td>१७०८६३३.६४</td><td>१६.६५</td><td>२८३०३३.६४</td><td>१४५४</td></tr>
<tr><td>२९६।२०७९।३।२४</td><td>ने रा प्रा वि सिम्ता ३ भवन निर्माण उ स</td><td>३५१८१६.६९</td><td>२६१५८७.७३</td><td>१८.१३</td><td>४२७०७.७३</td><td>४७१८</td></tr>
<tr><td>२९५।२०७९।३।२४</td><td>मा वि लापु फिल्ड निर्माण उ स</td><td>४७१९११.०८</td><td>४५२२००.७४</td><td>१८.६२</td><td>७३०००.२९</td><td>११११९</td></tr>
</table>

</td><td>१७,३७१</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६८</td><td></td><td></td><td>उपभोक्ता समूहले नियमको पालना नगरेको :<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उप नियम ६ मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्यांकन विल भर्पाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने उल्लेख छ । उपभोक्ता समुह मार्फत भएका कार्यहरु सार्वजनिक खरिद ऐन नियम अनुसार हुनु पर्नेमा सो बमोजिम भए गरेको पाइएन । अत: जिम्मेवार कार्यालय प्रमुखले त्यस प्रकारका कार्यको नियन्त्रण गर्ने तर्फ ध्यानाकर्षण हुनु पर्ने देखियो । उपभोक्ता समितिबाट पेश भएका नियम विपरितका कार्यहरुको केही उदाहरण निम्नानुसार छन्:
<table>
<tr><th>उपभोक्ता समिति</th><th>भुक्तानि रकम</th><th>कैफियत</th></tr>
<tr><td>ने रा आ वि झ्यामा भवन निर्माण समीति</td><td>३६००००० </td><td>रु १६३१९३० को निर्माण सामग्री एउटै विक्रेता ( न्यू रेम्मी सप्लायर्स) बाट सोझै खरिद गरेको</td></tr>
<tr><td>सरस्वती मावि भवन निर्माण समीति</td><td>२०५५३६०</td><td>रु १०९७२८० को निर्माण सामग्री एउटै विक्रेता ( न्यू रेम्मी सप्लायर्स) बाट सोझै खरिद गरेको</td></tr>
<tr><td>चिमिरे पिल्क माझगाउँ खानेपानी योजना निर्माण उपभोक्ता समीति</td><td>१४२५६००</td><td>रु १००६३०४ को निर्माण सामग्री एउटै विक्रेता ( न्यू रेम्मी सप्लायर्स) बाट सोझै खरिद गरेको</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६९</td><td></td><td></td><td>

**अधुरा आयोजना –**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसार योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । यसरी कानून विपरीत सम्झौता गरी बर्षौसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन ।

<table>
<tr><th>गो.भौ नं/मिति</th><th>योजनाको नाम</th><th>लागत अनुमान</th><th>मूल्यांकन</th><th>यस वर्ष भुक्तानी</th><th>लागत अनुमानअनुसारको कूल काम %</th></tr>
<tr><td>८।२०७८।१२।२३</td><td>विशेश्वर प्रा वि भवन निर्मण</td><td>१६९५५३०.२६</td><td>१३९८९८२.३२</td><td>११८५६००</td><td>८२.५१</td></tr>
<tr><td>१८।२०७९।३।६</td><td>सरस्वती मावि भवन निर्माण</td><td>४०३५०७२.९५</td><td>२४६८९५५.५६</td><td>२०५५३६०</td><td>६१.१८</td></tr>
<tr><td>१८६।२०७९।३।१६</td><td>ने रा प्रा वि सिमलगैरा भवन निर्माण</td><td>१२४५३४३.२२</td><td>९११७५५.९३</td><td>७६१२८०</td><td>७३.२१</td></tr>
<tr><td>२।२०७९।३।२१</td><td>अधुरो भवन सरस्वती मावि मर्मत सिम्ता ९</td><td>१२३३०६६.१५</td><td>१४८५६९.८५</td><td>१२४८००</td><td>१२.०४</td></tr>
</table>

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७०</td><td></td><td></td><td>गुणस्तर परीक्षण -<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ ।यस स्थानीय तहले निम्न उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । केही उदाहरण देहाय बमोजिम छन् ।
<table>
<tr><td>सि न</td><td>उपभोक्ता समीतिको नाम र विवरण</td><td>सामान</td><td>रकम</td></tr>
<tr><td>१</td><td>सिम्ता ६ खेलमैदान निर्माण उ स ले बस्नेत हार्डवेयर मार्फत खरिद गरेका ग्याविन</td><td>Gabion box (2*1*1)= 86 वटा<br>Gabion box (1.5*1*1)= 44 वटा</td><td>४५६५७७</td></tr>
<tr><td>२</td><td>औलगान्द्रा तटबन्धन निर्माण उ स ले न्यू रेम्मी सप्लायर्स मार्फत खरिद गरेका ग्याविन</td><td>Gabion box (3*1*1)= 37 वटा<br>Gabion box (1.5*1*1)= 111 वटा</td><td>५०१५३९</td></tr>
</table></td><td></td></tr>
<tr><td>७१</td><td></td><td></td><td>लागत सहभागिता —<br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने देखिन्छ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७२</td><td></td><td></td><td>डीपीआर खर्च –<br>बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वियनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।
<table>
<tr><th>कार्य विवरण</th><th>परामर्शदाता</th><th>स्वीकृत लागत रकम</th><th>खर्च रकम</th><th>अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत</th></tr>
<tr><td>औधोगिक ग्राम निर्माण डिपिआर</td><td>सेफ ईन्जिनिएरीङ</td><td>१५०००००</td><td>१४९१६००</td><td>१०२०२५४५५३</td></tr>
<tr><td>पर्यटकिय नदि ताल सरोवर निर्माण डिपिआर</td><td>फेनापती कन्सल्टेन्ट प्रा.लि.</td><td>१५०००००</td><td>१५०००००</td><td>३९४२५२५४८</td></tr>
</table></td><td></td></tr>
<tr><td>७३</td><td></td><td></td><td>सार्वजनिक परीक्षण -<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको प्रमाण पेश गरेको छ । पालिकाले यस आर्थिक वर्षमा पिपल्स एक्सेस नेपाल नामक संस्थालाई रकम भुक्तानी गरी सामाजिक परीक्षण ११ स्थानको निम्नानुसारको रकम भुक्तानी गरेको छः
<table>
<tr><th>सिनं</th><th>कार्यक्रम भएको मिति</th><th>खर्च भएको रकम</th></tr>
<tr><td>१</td><td>२०७९।३।२२ मा ११ स्थानमा कार्य सञ्चालन (६४ जना सहभागी)</td><td>४८४०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४८४०००</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७४ | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख :**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वियन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७८/७९ मा कन्टीन्जेन्सी बापत रु.११७५८३८।०० कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । | |
| ७५ | | | **परामर्श सेवा –**<br>सार्वजनिक खरिद नियमावली, २०६४ नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले परामर्श सेवाको खरिद गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु. २९९१६००।०० खर्च लेखेको पाइयो । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन । | |
| ७६ | | | **मोबाइल खरिदः**<br>आर्थिक कार्यविधि तथा वितीय उतरदायित्व ऐन २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नु पर्ने उल्लेख छ । पालिकाले REDMI NOTE PRO 10, PRO 8GB/128 GB खरिदमा रु ३६९९९ र REALME 8, 8GB/128GB खरिदमा रु ३०४९९ गरी रु ६७४९८ का मोवाइल खरिद गरी बजेट खर्च लेखेको छ । यस्तो खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| ७७ | | | **अध्यक्ष रोजगार कार्यक्रमः**<br>सिम्ता गाउँपालिका अध्यक्ष रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७८ अनुसार सिम्ता गाउँपालिका भित्र काम सृजना, रोजगारीको अवसर र ज्यालामा सुधार गरी श्रमप्रति सम्मान गर्दै समृद्ध सिम्ता र सुखी सिम्ताली बनाउने उद्देश्यले अध्यक्ष रोजगार कार्यक्रम सञ्चालन गरिएको पाइयो । यस कार्यक्रम अन्तर्गत २८ वटा योजनामा कूल रु ४४७६४०३ बजेट खर्च भएको पाइयो । यस प्रदेशमा प्रधानमन्त्री रोजगार कार्यक्रम, मुख्यमन्त्री रोजगार कार्यक्रम हुदाहुदै पनि पालिकाले अध्यक्ष रोजगार कार्यक्रम सञ्चालन गरी स…साना टुक्रे योजना बनाई बजेट खर्च गरेको पाइयो । यसरी टुक्रे योजनामा बजेट छर्ने प्रवृतिले गर्दा दीर्घकालीन र दिगो लाभ दिन सक्ने योजना सञ्चालन नहुने देखिन्छ । त्यसैले पालिकाले स…साना टुक्रे योजनामा बजेट छर्ने प्रवृतिको अन्त्य गर्दै दीर्घकालिन रोजगारी सृजना गर्ने योजना सञ्चालन गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७८ | | | **टुक्रा पारी खरिद –**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु. ५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद टुक्रा पारी गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सीमा भन्दा बढी रकमको सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष फर्निचर तथा फिक्चर्स खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइ विभिन्न विक्रेताबाट रु. ३३६१९०६ को टुक्रा पारी खरिद गरेको देखियो । | |
| ७९ | | | **गाडि रिजर्भः**<br>आर्थिक कार्यविधि तथा वितीय उतरदायित्व ऐन २०७६ को दफा २४ को उपदफा २ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नु पर्ने उल्लेख छ ।पालिकाले यस वर्ष गाडी रिजर्भ वापत मासिक सम्झौता गरी सशर्तबाट रु १७७५०० र गापा पूँजिगतबाट रु १८७५०० गरी कूल रु ३६५००० बजेट खर्च लेखेको छ । यस पालिकामा २ वटा सरकारी नम्बर कै सवारी साधन हुदाहुदै पनि यसरी निजी नम्बर प्लेटका सवारी साधन भाडामा लिएर सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने गरी मितव्ययी तरिकाले खर्च गरेको पाइएन । पालिकाले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८० | | | **मूल्य अभिवृद्धि कर कट्टी –**<br>आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु. | १८३,३९४.८७ |

| भौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | मुअकर कर रकम | ३०प्रतिशतरकम |
|---|---|---|---|---|
| २६२।२०७९।३।१७ | कोहलपुर डिजिटल हव प्रा लि | ६०९९८८०७१ | ११४७९० | ३४४३७ |
| २७०।२०७९।३।२१ | त्रिशक्ति ट्रेडर्स | ३०३४६५५७९ | ११३३६३.७१ | ३४००९.११ |
| ३०५।२०७९।३।२५ | गोपाल निर्माण सेवा | ३००१२९५०० | ७०२२८.२३ | २१०६८.४६ |
| ३००।२०७९।३।२५ | शिव शक्ति प्रिजम निर्माण सेवा | ३०२८१९८०३ | ८५५०१ | २५६५०.३ |
| २६७।२०७९।३।२३ | हरिभक्त मेडिटेक सप्लायर्स | १२५४०३४८१ | ११३७५० | ३४१२५ |
| २६६।२०७९।३।२३ | हिमालय मेडिसिन कन्सर्न | ६०८५५४८२४ | ११३६८४ | ३४१०५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८१</td><td></td><td></td><td>सफ्टवेयर खरिद -<br>नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनु पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले आफ्नो काम सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु.९२५४७०।०० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्टवेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।
<table>
<tr><th>सफ्टवेयरको नाम</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>योजना सफ्टवेयर</td><td>योजना शाखा सम्वन्धि कामकाजमा सहजिकरण</td><td>४९६०७०।-</td></tr>
<tr><td>राजस्व सफ्टवेयर</td><td>राजस्वको उचित लेखाकंन गर्न</td><td>४२९४००।-</td></tr>
<tr><td colspan="2">जम्मा रकम</td><td>९२५४७०।-</td></tr>
</table></td><td></td></tr>
<tr><td>८२</td><td></td><td></td><td>सामाजिक सुरक्षाः<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । यस सम्बन्धमा निम्नअनुसार व्यहोराहरु देखिएका छनः</td><td></td></tr>
<tr><td>८२.१</td><td></td><td></td><td>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७७ अनुसूची ८ को शर्त ६ अनुसार गाउँपालिका र नगरपालिका बाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले १५ दिनभित्र जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहितको (Reverse Feed) विवरण पेश गर्नुपर्ने ब्यवस्था रहेकोमा गाँउपालिकामा उक्त शर्तअनुसार वैकवाट चौमासिक रुपमा जम्मा भएको विवरण प्राप्त भएको देखिएन।कार्यविधिको पालनामा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>८२.२</td><td></td><td></td><td>पालिकाले यस आवमा सामाजिक सुरक्षा भत्ता ३ वटै चौमासिकमा बैकिङ प्रणाली मार्फत लाभग्राहीको बैक खातामा वितरण गरेको देखियो । साथै पालिकाले मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम मूल अभिलेखबाट कट्टा गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८३ | | | अनुगमन तथा सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फस्योंट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फस्योंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । | |

| गत वर्षसम्मको बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| १७५५५२ | ७२९ | १७४८२३ |

फस्योंट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

| सि.नं. | आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | फछ्योंटको आधार | | | | सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| १ | २०७५।७६ | २२ | गाउँ सभाको निर्णय सहितका आवश्यक कागजात पेश | ० | ३२८७५३ | ० | ० | ३२८७५३ |
| २ | २०७७।७८ | २१ | आवश्यक प्रमाण पेश | ० | ४०००२० | ० | ० | ४०००२० |
| | | | जम्मा | ० | ७२८७७३ | ० | ० | ७२८७७३ |

**अद्यावधिक वेरुजु -** यस पालिकाको २०७८।७९ सम्मको फस्योंट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| १७५५५२ | ७२९ | ४०१८८ | ० | २१५०११ |